# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, वैशाख १४ गते २०५५ साल (संख्या २


## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले लाङटाङ राष्ट्रिय निकुन्ज क्षेत्र वरिपरिको देहायको चार किल्लाभित्रको क्षेत्रलाई "लाङटाङ राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र" तोकेको छ ।

<u>लाङटाङ राष्ट्रिय निकुन्जको दक्षिणतर्फको मध्यवर्ती क्षेत्रको चार किल्ला:</u>

पूर्वः नोसेम खोलाको मध्य भागको तिरैतिर भई बलेफी खोलाको फलामे साँघुसम्म ।

पश्चिमः राम्चे गाउँको बाँदरेस्थित ढोकसार छडरे त्रिशुली खोलाको दोभानबाट त्रिशुली खोलाको तिरैतिर भई त्रिशुली खोला र वेत्रावती नदीको दोभानसम्म ।

दक्षिणः त्रिशुली खोला र वेत्रावती नदीको दोभानबाट पूर्व खोलाको उत्तर खोलैखोला हुँदै लच्याङ डाँडाको बीचबाट पार गर्दै लच्याङ गा.वि.स. को केही भाग भित्र पार्दै दोर्खु खोलासम्म । त्यहाँबाट रालुका गुम्बालाई ५१ नम्बरको पिलरबाट र रालुका गा. वि.स. को भवनलाई ५५ नम्बरको पिलरबाट भित्र पार्दै चिलाउने गाउँ र दाङखर्क गाउँ हुँदै तादी खोलासम्म । त्यसपछि तादी खोलाबाट उत्तर पूर्व हुँदै स्याङदोम्ला खोल्सासम्म र त्यहाँबाट राउत बेसी गा.वि.स. को गुम्लुङ डाँडा हुँदै गाउँखर्क गा.वि.स. को चुलीवारि,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मानी डाँडा हुँदै सिन्धुपाल्चोक जिल्ला इचोक गा.वि.स. को माले चौर सम्म । त्यहाँबाट तिम्बु जाने मूल बाटो हुँदै तिम्बु मेलम्ची खोलासम्म र तिम्बु दोभानको ठाडो खोलाबाट लार्टो खोलै खोला हुँदै क्यूल (किउल) गा.वि.स. को तारवोटा डाँडासम्म । त्यसपछि हेलम्बु वागवानी फार्मको पश्चिमी पर्खालको बाहिर याङग्री जाने मूलबाटो हुँदै बरुवा गा.वि.स.को थाल डाँडा, बिसाउनी, पिजु खोल्सासम्म र त्यसपछि पिजु खोलैखोला हुँदै याङग्री-इन्द्रावती दोभानसम्म । त्यसपछि इन्द्रावती दोभानबाट इन्द्रावती खोलाको तिरैतिर (खोलैखोला) हुँदै पातल डाँडा हवेली पाटीसम्म र हवेली पाटीबाट भोताङ गा.वि.स.को कुना बिसाउने, कोट गा.वि.स.को नागी खर्क, छुम्वीर पाखा, गुन्सा गा.वि.स.को महादेव चेट, नलकोट डाँडा, ढाप गा.वि.स.को थाम डाँडा (ढुंगा खानी), लांगार्चे गा.वि.स. को श्रोखरनी डाँडासम्म । त्यहाँबाट स्याउले गा.वि.स. को सानो गौंडा, मैदान डाँडा हुँदै गोल्चे जाने मूलबाटो र सो मूलबाटो हुँदै गोल्चे गा.वि.स. को सुन्दर्चे, पोखरी डाँडा, दुप्चे डाँडा। त्यसपछि गोल्चे खोलैखोला हुँदै बलेफी खोलाको दोभानसम्म ।

उत्तरः साविक निकुन्जको दक्षिणी सिमाना ।

लाङटाङ राष्ट्रिय निकुन्जको पश्चिमतर्फको मध्यवर्ती क्षेत्रको चार किल्लाः

पूर्वः भोटेकोशी नदी (निकुन्जको साविक पश्चिमी सिमाना)

पश्चिमः स्याफ्रु गा.वि.स. वडा नं. ९ को पिलर नं. १९ बाट दक्षिणी डाँडाको शिरैशिर (धुरी) हुँदै सिया गाउँको दक्षिणी डाँडाको धुरीसम्म ।

उत्तरः भोटेकोशी र गोलजुङ खोलाको दोभानमा रहेको पिलर नं. १ बाट शुरु भै डाँडाको शिरैशिर (धुरी) हुँदै त्रिशुली सोमदाङ जाने सडकसम्म र त्यहाँबाट सडकलाई पार गर्दै कोमिन डाँडाको शिरैशिर (धुरी) हुँदै पिलर नं. १९ सम्म ।

दक्षिणः सिया गाउँको दक्षिणी डाँडाको शिरैशिर (धुरी) हुँदै भोटेकोशी नदीसम्म ।

द्रष्टव्यः खण्ड २५, संख्या ४६, मिति २०३२ साल चैत्र ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको लाङटाङ राष्ट्रिय निकुन्ज घोषित गर्ने सम्बन्धी सूचनाले उक्त निकुन्जको चार किल्लाबाट बाहिर पारिएका राम्चे धुन्चे, स्याफ्रु, वृद्धिम, टिमुरे र लाङटाङ गा.वि.स. का सम्पूर्ण गाउँहरूलाई राष्ट्रिय निकुन्जको मध्यवर्तीक्षेत्र भित्र समावेश गरिएको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## महिला तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५४।१०।२ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत काठमाडौं उपत्यकामा "आपतकालीन नारी गृह" स्थापना गरेकोले सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
श्रीमती उर्मिला श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

32

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।